धरान उपमहानगरपालिका

स्थानिय राजपत्र

खण्डः ५ धरान उपमहानगरपालिकाद्वारा प्रकाशित संख्याः १

मितिः २०७८।०३।१८


**भाग २**

**धरान उपमहानगरपालिका**

# संस्था दर्ता नियमावली, २०७८

आज्ञाले

विदुर प्रसाद खनाल

प्रमुख प्रशासकिय अधिकृत

संस्था ऐन, २०७७ को दफा १६ ले दिएको अधिकार प्रयोग गरि धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यी नियमहरुको नाम " संस्था दर्ता नियमावली, २०७८" रहेको छ ।
(२) यो नियमावली राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

१. "अन्तर्राष्ट्रिय संस्था" भन्नाले ऐन बमोजिमको अन्तर्राष्ट्रिय गैर सरकारी संस्था सम्झनुपर्छ ।
२. "आर्थिक ऐन" भन्नाले धरान उपमहानगरपालिकाको प्रचलित आर्थिक ऐन सम्झनुपर्दछ ।
३. "ऐन" भन्नाले धरान उपमहानगरपालिकाको संस्था दर्ता ऐन, २०७७ सम्झनुपर्छ ।
४. "कार्यालय" भन्नाले धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।
५. "संस्था" भन्नाले ऐन बमोजिम दर्ताभएका संस्था सम्झनुपर्छ ।
६. "स्थानीय अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारी सम्झनुपर्छ ।
७. "वडा कार्यालय" भन्नाले धरान उपमहानगरपालिका भित्रका वडा कार्यालय सम्झनुपर्छ ।

३. संस्थाको दर्ता तथा संचालन सम्बन्धी व्यवस्था :

(१) संस्था स्थापना गर्न चाहनेले कम्तिमा सात सदस्यीय पदाधिकारी रहनेगरी समिति गठन गरी देहायको विवरण खुलाई नगरपालिकाको आर्थिक ऐनमा तोकिएको दस्तुर र वडा कार्यालयको सिफारिस सहित नगरपालिकाको कार्यालय समक्ष अनुसुची १ को ढाँचामा निवेदन दिनु पर्नेछ –

१. संस्थाको नाम,
२. उद्देश्य, कार्यक्षेत्र र विषय खुल्ने कागजातहरु
३. संस्था दर्ता गर्ने निर्णयको प्रतिलिपी
४. कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
५. सस्थाको विधान २ प्रति ( नेपाली कागजमा हुनु पर्ने )
६. सम्वन्धित वडा कार्यालयको सिफारिस।
७. ऐन र प्रचलित कानूनको पूर्ण पालना गरिएको भनि सबै निबेदकहरुको सहिछाप

४. संस्थाको विधान सम्वन्धी व्यवस्थाः (१) संस्था स्थापना गर्न चाहनेले संस्थाको विधानमा तपसीलका कुराहरु खुल्ने गरीको विधान तयार गरी हरेक पानाको शुरु र अन्त्यमा समितिका सवै पदाधिकारीको हस्ताक्षर गरी पेश गर्नु पर्नेछ।

१. संस्थाको नाम,
२. उद्देश्य, कार्यक्षेत्र र विषय
३. समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र पदाधिकारीको तीन पुस्ते विवरण साथै असल चाल चलन भएको कागजात ।
४. समितिको गठन,काम, कर्तव्य र अधिकार सम्बन्धी ब्यवस्था
५. आर्थिक श्रोत साधन तथा लेखा सम्बन्धी व्यबस्था
६. कोष परिचालन सम्बन्धी ब्यबस्था
७. मुख्य कार्यालय रहने ठेगाना,
८. संस्थाको छाप

९. सभा सम्बन्धी व्यवस्था
१०. संस्थाको सदस्यता प्राप्ति, समाप्ति र कार्य समिति सदस्यको निर्वाचन सम्बन्धी ब्यबस्था
११. सदस्यताको प्रकार र सदस्यता शुल्क सम्वन्धी व्यवस्था ।
१२. अन्य व्यबस्था ।

(२) उपनियम १ वमोजिम पेश हुन आएको प्रस्तावित विधान कार्यालयले कानून बमोजिम जाँचबुझ गरी हेरफेर तथा थपघट गर्न लगाउन सक्नेछ ।

५. संस्था दर्ता सम्वन्धी व्यवस्थाः (१) नियम ३ बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी रीतपुर्वक देखिएमा अनुसुची २ बमोजिमको दर्ता किताबमा संस्था दर्ता गरी अनुसुची ३ को ढाचामा दर्ताको प्रमाण–पत्र दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दर्ता गर्न नमिल्ने भए दर्ता गर्न नमिल्ने आधार र कारण खोली सम्बन्धित निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

६. संस्था नविकरण सम्वन्धी व्यवस्थाः (१) नगरपालिकामा दर्ता भएका प्रत्येक संस्थाले प्रत्येक आर्थिक बर्ष समाप्त भएको मितिले तीन महिना भित्र नगरपालिकामा नविकरणको लागी निवेदन दिनु पर्नेछ । त्यसरी निवेदन दिँदा आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर बुझाउनु पर्नेछ ।

तर विशेष परिस्थितिमा नगरपालिकाले तीन महिनाका लागि नवीकरणको म्याद थप गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको समयमा नविकरणका लागी निवेदन नदिने संस्थाले पुन संस्थाको नविकरण गराउन चाहेमा नविकरणका लागी पहिलो बर्षको हकमा थप रु. एक हजार र त्यसपछि प्रत्येक बर्षको लागी थप रु. एक हजार पाँच सय विलम्व शुल्क लिई स्थानीय अधकारीले दर्ताको प्रमाणपत्र नविकरण गरी दिन सक्नेछ

(३) नविकरणका लागि तपसिलका कागजात संम्लग्न राखि उपनियम १ वमोजिम स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

१. सभाको निर्णय,
२. लेखापरिक्षण प्रतिवेदन,
३. वार्षिक प्रगति प्रतिवेदन ।
४. अघिल्लो आ.ब. सम्मको करचुक्ताको प्रमाण

७. बार्षिक प्रगती प्रतिवेदन सम्बन्धी व्यवस्था : (१) ऐनको दफा ९ बमोजिम संस्थाले नगरपालिका समक्ष पेश गर्नुपर्ने प्रगती प्रतिवेदनको ढाँचा अनुसुची-४ बमोजिम हुनेछ ।

(२) संस्थाले पेश गरेको प्रतिवेदन अध्ययन गरि नगरपालिकाले सम्वन्धित संस्थालाइ देहाय बमोजिम निर्देशन दिन सक्नेछ :

(क) योजना कार्यान्वयनमा उद्धेश्य अनुरुप सुधार गर्न । (ख) योजना कार्यान्वयनको खर्च र प्रतिफल विच सन्तुलन कायम गर्न । (ग) योजनामा निर्धारण गरिएको कार्यतालिका सन्तुलन कायम गर्न । (घ) नगरपालिकाले उपयुक्त ठानेका अन्य कुराहरु ।

(३) उपनियम (२) बमोजिम दिइएको निर्देशन पालना नगर्ने संस्थालाइ नगरपालिकाले लिखित रुपमा सचेत गराउन सक्नेछ ।

तर दुइपटक सम्म सचेत गराउँदा समेत नगरपालिकाको निर्देशन पालना नगर्ने संस्थाको काम कारवाही रोक्न नगरपालिकाले निर्देशन दिन सक्नेछ ।

८. अन्यन्त्र दर्ता भएका संस्थाको सुचिकृत सम्वन्धी व्यवस्था : (१) संघीय तथा प्रदेश कानुन बमोजिम दर्ता भएका संस्थाले यस नगरपालिकामा सुचिकृत हुन नियम ३ बमोजिम को दस्तुर तिरी एक प्रति विधान र साविकमा दर्ताभएको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखि अनुसुची-५ को ढाँचामा नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन पेश हुन आएमा सो को जाँचवुझ गरी कार्यालयले त्यस्तो संस्था सुचिकृत गर्न सक्नेछ ।

९. अनुसुचीमा संसोधन गर्ने : कार्यपालिकाले आवश्यकता अनुसार यस नियम बमोजिमको अनुसुचीमा आवश्यक हेरफेर तथा संशोधन गर्न सक्नेछ ।

१०. बाधा अड्काउ फुकाउने : यो नियमावली कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**अनुसुची-१**

(नियम ३.१ सँग सम्बन्धित)

संस्था दर्ताको लागि दिइने निबेदनको ढाँचा

श्री कार्यालय प्रमुख ज्यू ,
धरान उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय,
धरान , सुनसरी
प्रदेश नं. १ नेपाल

विषय : संस्था दर्ता गरीपाऊ ।

हामीले.......................................सम्बन्धि संस्था खोल्न चाहेकोले संस्था दर्ता ऐन, २०७७ र संस्था दर्ता नियमावली, २०७८ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको बिबरण खोलि निबेदन पेश गरेका छौं कानुन वमोजिम संस्था दर्ता गरि पाऊ। प्रस्तावित संस्थाको विधानको दुई प्रति र आबस्यक कागजातहरू यसैसाथ संलग्न गरिएको छ ।

पदाधिकारीको नामथर
हस्ताक्षर

**विवरण**

१. संस्थाको नाम,
२. उद्देश्य, कार्यक्षेत्र र विषय खुल्ने कागजातहरु
३. संस्था दर्ता गर्ने निर्णयको प्रतिलिपी
४. कार्य समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
५. सस्थाको विधान २ प्रति
६. सम्वन्धित वडा कार्यालयको सिफारिस।

७. ऐन र प्रचलित कानूनको पूर्ण पालना गरिएको भनि सबै निबेदकहरुको सहिछाप

**अनुसुची-२**
(नियम ५.१ सँग सम्बन्धित)
**दर्ता कितावको ढाँचा**

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | पदाधिकारी र सदस्यको नामथर ठेगाना | कैफियत |
|---|---|---|---|---|---|

**अनुसुची -३**
(नियम ५.१ सँग सम्बन्धित)
प्रमाणपत्रको ढाँचा
धरान उपमहानगरपालिका,नगर कार्यपालिकाको कार्यालय
सुनसरी, प्रदेश नं. १ नेपाल

दर्ता नं

**संस्था दर्ताको प्रमाणपत्र**

श्री..............................(संस्थाको नाम )
धरान उपमहानगरपालिका वडा नं............धरान,

.....................................(संस्थाको नाम) संस्था दर्ता ऐन, २०७७ को दफा ४ बमोजिम मिति.........................................मा संस्था दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

कार्यालयको छाप                    दर्ता गर्ने अधिकारीको

हस्ताक्षरः
नाम थरः
पद/दर्जाः
कार्यालयः

इति सम्वत २०    साल ...............महिना..............गते...............रोज...........शुभम ।

नोटः कानुन बमोजिम नविकरण गर्नु हुन सुचित गरिन्छ ।

नविकरण

| नविकरण मिति | वहाल रहने अवधि | नविकरण दस्तुर | प्रमाणित गर्ने अधिकारी | कैपियत |
|---|---|---|---|---|

**अनुसुची-४**
**(नियम ७ सँग सम्बन्धित)**
प्रगती प्रतिवेदनको ढाँचा

मिति

श्री कार्यालय प्रमुखज्यू ,
धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।
सुनसरी

विषयः प्रतिवेदन पेश गरिएको सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा संस्था दर्ता ऐन, २०७७ र संस्था दर्ता नियमावली, २०७८ बमोजिम देहायको बिबरण खोलि मिति ........देखि .........सम्मको प्रगति प्रतिबेदन पेश गरिएको छ ।

संस्थाको आधिकारीक व्यक्तिको
पुरा नाम थर र हस्ताक्षर
संस्थाको छाप

**विवरण**
(क) कार्यक्रमको नाम र कुल बजेट (ख) उद्धेश्य (ग) कार्यक्षेत्र (घ) लक्षित समूह (ङ) सम्पन्न गरिएको कार्यहरु र स्थान (च) खर्च भएको रकम (छ) मुख्य उपलब्धिहरु (ज) समस्या तथा समस्या समाधानको लागि भएका प्रयासहरु (झ) वर्षभरी गरेका गतिविधि

**अनुसुची-५**
(नियम ८.१ सँग सम्बन्धित)
**सुचिकृत हुन दिइने निवेदनको ढाँचा**

मिति

श्रीमान कार्यालय प्रमुखज्यू
धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।
धरान, सुनसरी

विषयः सुचिकृत हुन पाऊ

उपरोक्त सम्बन्धमा संस्था दर्ता ऐन, २०७७ र संस्था दर्ता नियमावली, २०७८ बमोजिम.............. संस्था सुचिकृत गर्नको लागि देहायको बिबरण सहित निबेदन पेश गरिएको छ । संस्थाको विधानको एक प्रति यसैसाथ संलग्न गरिएको छ ।

संस्थाको आधिकारिक व्यक्तिको

हस्ताक्षर र संस्थाको छाप

**विवरण:**

1. संस्थाको नाम र ठेगाना (ख) उद्देश्य (ग) बर्गीकरण (घ) मुख्य व्यक्तिको सम्पर्क ठेगाना, इमेल र फोन नम्बर (ङ) भौगोलिक कार्य क्षेत्र (च) सहयोगी वा साझेदार संस्थाको नाम र सहयोगको बिबरण - आर्थिक, प्राबिधिक र अन्य (छ) बार्षिक प्रगति विवरण (ज) लेखापरिक्षण प्रतिबेदन (झ) करचुक्ताको पत्र (ञ) कार्य समितिको निर्णयको प्रतिलिपि, (ट) संस्था दर्ता वा नविकरणको प्रतिलिपि, (ठ) दस्तुर तिरेको रसिद

<u>प्रमाणिकरण गर्ने</u>
दस्तखतः
नाम, थरः विदुर प्रसाद खनाल
पदः प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मितिः २०७८-०३-१०